# नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड

NATIONAL LAGHUBITTA BITTIYA SANSTHA LIMITED

(राष्ट्रियस्तरको कार्यक्षेत्र भएको नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय, बनेपा-१० काभ्रेपलाञ्चोक

प.स. ०८०/८१ / १८५ मिति :२०८०/१२/२२

श्री कम्पनी रजिष्ट्रारको कार्यालय

त्रिपुरेश्वर, काठमाडौं ।

**विषय : दशौ वार्षिक साधारण सभा सम्पन्न भएको जानकारी तथा सभाको माइन्युट पेश गरिएको सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यहि मिति २०८०/१२/१६ गते शुक्रबारको दिन यस नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेडको १० औं (दशौं) वार्षिक साधारण सभा सम्पन्न भएकोले सो बारेको जानकारी तथा सभाको निर्णय माइन्युट पेश गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**संलग्न कागजात:**

दशौ वार्षिक साधारण सभाको माइन्युटको प्रतिलिपी थान १ ।

**बोधार्थ:**

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड यूएनआई शान्तिमार्ग भद्रकाली, काठमाडौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाडौं ।

भवदीय,

(तारा प्रसाद ढुंगाना)

कम्पनी सचिव

## नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेडको दशौं बार्षिक साधारण सभाको विवरण तथा निर्णयहरु:

### दर्ता नं. ११७१०६/०७०/०७१

### कार्यक्रमको रुपरेखा

### कम्पनी सचिवद्वारा कार्यक्रमको शुभारम्भ

१) आसन ग्रहण ।
२) स्वागत मन्तव्य ।
३) सभाको वैधानिकता र साधारण सभा सम्वन्धी भएगरेका काम कारवाही तथा प्रस्ताव सम्वन्धी जानकारी ।
४) सभाको उदघाटन
५) सभा अध्यक्षज्युद्वारा बार्षिक प्रतिबेदन प्रस्तुति ।
६) प्रतिबेदनमाथि टिका–टिप्पणी / छलफल गर्ने र बोल्ने कार्यक्रम
७) शेयरधनीहरुबाट आएको जिज्ञासा एबं प्रश्नहरुको जवाफ
८) प्रस्ताव उपर छलफल गर्दै पारित गर्ने ।
९) धन्यबाद ज्ञापन तथा सभाको बिसर्जन ।

**१.प्रारम्भिक :-**

नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८०/११/१७ गते बसेको सञ्चालक समितिको १६५ औं बैठकले संस्थाको दशौं बार्षिक साधारणसभा मिति २०८०/१२/१६ गते शुक्रबार (तदनुसार २९ मार्च २०२४) काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल लज रिसोर्ट धुलिखेलमा सम्पन्न गर्ने निर्णय भएको थियो । कम्पनी ऐन, २०६३ तथा संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री केशबप्रसाद आचार्यज्यूको सभापतित्वमा निम्न मिति, समय तथा स्थानमा उल्लेखित बिषयहरू उपर छलफल र निर्णयहरु गरी दशौं बार्षिक साधारण सभा सम्पन्न भयो ।

**२. साधारण सभाको मिति, समय र स्थान :-**

मिति: २०८०/१२/१६ गते शुक्रबार (तदनुसार २९ मार्च, २०२४)
समय: विहान १०:३० बजे
स्थान: धुलिखेल लज रिसोर्ट धुलिखेल, काभ्रेपलाञ्चोक ।

### ३. साधारण सभाको सूचना :-

कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम संस्थाको दशौं बार्षिक साधारण सभा बारेको सार्वजनिक सूचना मिति २०८०/११/१९ गते र मिति २०८०/११/२९ को क्रमश: नयाँ पत्रिका राष्ट्रिय दैनिक तथा आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । यसका अतिरिक्त यो सूचना संस्थाको वेबसाइटमा पनि राखिएको थियो । सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि उहाँहरुको ठेगानामा साधारण सभा हुने बारेको सार्वजनिक सूचना तथा संस्थाको आ.व.२०७९/८० को बार्षिक प्रतिवेदन उपलब्ध गराइएको थियो ।

### ४. उपस्थिति

**क) सञ्चालक समितिका पदाधिकारीहरू:**

१) अध्यक्ष : श्री रबिन सिजापती (आमाको किरियामा बस्नु भएकोले अनुपस्थित)
२) सञ्चालक: श्री केशवप्रसाद आचार्य (अध्यक्षता ग्रहण गर्नु भएको)
३) सञ्चालक: श्री क्षितिज खड्का
४) सञ्चालक: श्री तिर्थराज ढकाल
५) सञ्चालक: श्री प्रदित कुमार रेग्मी
६) सञ्चालक: श्री नरेन्द्र प्रसाद छत्कुली
७) सञ्चालक: श्री जमुना श्रेष्ठ

**ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :-**

१) प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादब

**ग) शेयरधनीहरुको उपस्थिति**

१) स्वयं उपस्थिती २०९ जना
२) प्रतिनिधि मार्फत उपस्थिती ३१३ जना

### ५. सभामा प्रस्तुत छलफलका विषयहरू :-

**क) सामान्य प्रस्ताव:**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्युद्वारा प्रस्तुत हुने आर्थिक बर्ष २०७९/८० को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्त सम्मको बासलात तथा आ.ब.

२०७९/८० को नाफा नोक्सान हिसाब, नगद प्रवाह बिवरण सहितको वित्तीय बिबरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

३) यस वित्तीय संस्थाको आ.व.२०८०/८१ को लेखापरीक्षण कार्य गर्नको लागि लेखापरीक्षक नियुक्ति एवं निजको पारिश्रमिक निर्धारण गर्ने (यस अघि नियुक्त लेखापरीक्षक कुबेर एन भट्टराई एण्ड कम्पनी, चाटर्ड एकाउन्टेण्टस् पु:न नियुक्तिको लागि ग्राहय हुनुहुन्छ )

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुंजी रु.१,०८,४२,०६,२१९।५३ (अक्षरेपी एक अर्ब आठ करोड बयालिस लाख छ हजार दुई सय उन्नाइस पैसा त्रिपन्न मात्र) को ७.५ प्रतिशतले हुन आउने रकम रु.८,१३,१५,४६६।४६ (अक्षरेपी आठ करोड तेह्र लाख पन्ध्र हजार चार सय छैसट्ठी पैसा छ्यालिस मात्र) कर प्रयोजन सहित नगद लाभांश वितरण गर्ने प्रस्ताब पारित गर्ने ।

५) संस्थाको संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ४ जना तथा सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्बाचन सम्बन्धमा ।

६) संस्थाको संचालक समितिबाट भएको स्वतन्त्र सञ्चालकको नियुक्तिलाई अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१) आ.व.२०७९/८० को मुनाफाबाट हाल कायम चुक्ता पुंजी रु.१,०८,४२,०६,२१९।५३ (अक्षरेपी एक अर्ब आठ करोड बयालिस लाख छ हजार दुई सय उन्नाइस पैसा त्रिपन्न मात्र) को ७.५ प्रतिशतले हुन आउने रकम रु.८,१३,१५,४६६।४६ (अक्षरेपी आठ करोड तेह्र लाख पन्ध्र हजार चार सय छैसट्ठी पैसा छ्यालिस मात्र) बराबर अर्थात १००:७.५ अनुपातको बोनस शेयर जारी गरी संस्थाको चुक्ता पुंजी रु.१,१६,५५,२१,६८५।९९ (अक्षरेपी एक अर्ब सोह्र करोड पचपन्न लाख एक्काइस हजार छ सय पचासी पैसा उनान्सय मात्र) पुऱ्याउने विशेष प्रस्ताव पारित गर्ने ।

२) संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमति प्रदेश काठमाडौं जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं.८ मा स्थानान्तरण गर्ने ।

३) संस्थाको संस्थापक र सर्वसाधारण समूकको शेयर पुंजीको अनुपात ७० प्रतिशत र ३० प्रतिशत कायम गर्न आर्थिक वर्ष २०७९/८० को बोनस शेयर बितरण पश्चात् कायम हुने संस्थापक र सर्वसाधारणको शेयर पुंजीको अनुपात मिलान गर्दा नपुग भएको सर्वसाधारण तर्फको जम्मा रु.६,६९,९०,०२६।८० अर्थात ६,६९,९००.२७ कित्ता साधारण शेयर प्रिमियममा सम्बन्धित निकायबाट स्वीकृति लिई थप सार्वजनिक निष्काशन (Further Public Offering) को माध्यमबाट शेयर जारी गर्ने र उक्त कार्यको लागि नियमनकारी निकायको निर्देशन बमोजिम

संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन लगायत अन्य सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

४) प्रवन्धपत्रको दफा २ (१) दफा ६ (ख) र दफा ६ (ग) तथा नियमावलीको नियम २ संशोधन गर्ने साथै प्रबन्धपत्र तथा नियमावलीको दफा तथा नियमहरुमा आवश्यक थपघट, परिमार्जन एवम् संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

विविध प्रस्ताव अन्तर्गत छलफलका लागि कुनैपनि प्रस्ताव नभएको व्यहोरा जानकारी गराउँदछु ।

**६. गणपूरक संख्या र साधारण सभा सम्बन्धमा भएका काम कारबाही सम्बन्धी संक्षिप्त जानकारी:**

लेखापरीक्षकबाट आर्थिक बर्ष २०७९/८० मा भएको कारोबारको लेखापरीक्षण गराई सो प्रतिवेदनलाई नेपाल राष्ट्र बैंकबाट मिति २०८०/११/१५ मा वित्तीय विवरण प्रकाशन तथा चुक्ता पुंजीको ७.५ प्रतिशत बोनश तथा ७.५ प्रतिशत नगद गरी कुल १५ प्रतिशत लाभांश साधारण सभाले स्वीकृत गरे पश्चात वितरण गर्नको लागि स्वीकृत भएको छ ।

कम्पनी ऐन, २०६३ बमोजिम आवश्यक दफा ७८ बमोजिमका आवश्यक प्रतिवेदन बार्षिक साधारण सभा हुनुभन्दा २१ दिन अगावै तयार गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउनुपर्ने प्रावधान अनुसार उक्त सम्पूर्ण कार्य पुरा भैसकेको छ ।

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को प्रावधान बमोजिम बार्षिक साधारण सभामा छलफल हुने विषयहरु एवं प्रस्तावहरु सहितको बार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनी महाँनुभावहरुको घर ठेगानामा पठाउनुको साथै मिति २०८०/११/१९ गते र मिति २०८०/११/२९ को क्रमश: नयाँ पत्रिका दैनिक तथा आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा दशौं बार्षिक साधारणसभा हुने बारेको सार्वजनिक सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महाँनुभावहरुलाई जानकारी गराईएको थियो ।

गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :-

| शेयर तथा शेयरधनी | जम्मा | स्वयं उपस्थित | प्रतिनिधी मार्फत उपस्थित | जम्मा उपस्थित | कुल उपस्थित प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर संख्या | १०८४२०६२.२ | ४२५५२९६ | २८६५८७८ | ७१२११७४ | ६५.६८० |
| शेयरधनी संख्या | ४५,१५९ | २०९ | ३१३ | ५२२ | १.१६ |

७. सभाको कारबाही र वैधानिकता :-

सर्वप्रथम कम्पनी सचिवले साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम २३ ले गरेको कानूनी प्रावधान बमोजिम गणपूरक संख्या पुग्नको लागि कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी आवश्यक हुने भन्ने प्रावधान बमोजिम शेयर संख्या ६५.६८ प्रतिशत र शेयरधनीको स्वयम् उपस्थिति २०९ जना रहेकोले गणपूरक संख्या पुगिसकेकाले सभा संचालन गर्न कम्पनी ऐन २०६३ अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो भने संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महाँनुभावहरु, सञ्चालक तथा अन्य आमन्त्रितहरुलाई वित्तीय संस्थाको व्यवस्थापनको तर्फबाट हार्दिक स्वागत गर्दै संस्थाको भावी योजना तथा कार्यक्रमको बारेमा संक्षिप्त रुपमा जानकारी गराउनु भयो ।

८.सभा अध्यक्षको आसन ग्रहण :-

साधारण सभाको अध्यक्षता ग्रहण गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र वित्तीय संस्थाको नियमावलीको १९ मा भएको व्यवस्था बमोजिम सभाको अध्यक्षता समितिका अध्यक्षले गर्ने यदि अध्यक्षको अनुपस्थितिमा सञ्चालक समितिले मनोनित गरेको सञ्चालकले सभाको अध्यक्षता ग्रहण गर्नुपर्ने प्रावधान भए अनुरुप यस नेशनल लघुवित्त वित्तीय संस्था लिमिटडेको सञ्चालक समितिका अध्यक्ष श्री रबिन सिजापतीको ममतामयि आमाको स्वर्गारोहण हाल भई उहाँ क्रियामा रहनु भएकोले उपस्थित हुन असमर्थ हुनुभएकोले समितिका ज्येष्ठ सदस्य श्री केशबप्रसाद आचार्यज्यूले सभा अध्यक्षको आसन ग्रहण गर्नुभयो । त्यस पछि सभामा उपस्थित अन्य सञ्चालक तथा आमन्त्रित व्यक्तिहरुलाई आसन ग्रहण गराइएको थियो ।

९. उद्घाटन तथा ब्याच बितरण:-

आसन ग्रहणपछि उपस्थित सञ्चालक समितिका पदाधिकारीहरु तथा आमन्त्रित विशिष्ठ व्यक्तिहरुलाई खादा लगाएर स्वागत गर्नुका साथै सभाध्यक्षद्वारा पानसमा दिप प्रज्वलन गरी दशौं बार्षिक साधारण सभाको विधिवत उद्घाटन तथा शुभारम्भ गर्नु भयो ।

१०. **दशौं बार्षिक साधारण सभाको प्रतिवेदन प्रस्तुति :-**

सभाध्यक्षज्यूले सभा समक्ष प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन शेयरधनीहरुको हात हातमा परि सकेकोले उक्त प्रतिबेदन आफुले पुनरवाचन नगरी सो प्रतिबेदनमा कुनै जिज्ञासा, सुझाव, कैंफियत भए सो को सहर्ष ग्रहण गरी जवाफ दिने व्यहोरा जानकारी गराउँदै संक्षिप्तमा हाल लघुवित्त क्षेत्रमा देखा परेको चुनौती, अवसर, संस्थाको व्यवसाय विस्तारको अवस्था, संस्थाको हाल सम्मको प्रगति तथा भावी रणनीति आदि विषयहरु समेटीएको संस्थाको आ.व २०७९/८० को बार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । मन्तव्यको क्रममा उहाँले संस्थाले व्यवसायिक उद्देश्य प्राप्तिका साथ साथै सामाजिक उत्तरदायित्व समेत बहन गर्नको लागि विभिन्न सामाजिक कार्यहरु समेत सम्पन्न गरेको बारे चर्चा गर्नु भयो । त्यसैगरी संस्थाले आउँदा दिनहरुमा प्रभावकारी रुपमा सेवा प्रवाह गर्नका निमित्त आधुनिक प्रविधीको अधिकतम प्रयोग गरी गुणस्तरीय लघुवित्तीय सेवा प्रदान गर्ने तर्फ थप ध्यान पुऱ्याउने बारे जानकारी गराउनु भयो ।

अन्त्यमा, वित्तीय संस्थालाई वर्तमान अवस्थासम्म ल्याउन सहयोग पुऱ्याउने हुने सम्पूर्ण महानुभावहरुलाई धन्यबाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि सदाझैं सबैको सहयोग र शुभेच्छा प्राप्त हुने बिश्वास प्रकट गर्नुभयो ।

११. **छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनीहरू :-**

सभाध्यक्षज्यूद्वारा प्रस्तुत गरिएको आ.व.२०७९/८० को बार्षिक प्रतिबेदन तथा शेयरधनी महानुभावहरुलाई उपलब्ध गराइएको आ.व.२०७९/८० को वित्तीय विवरणमा कुनै प्रतिकृया, राय, सुझाव तथा जिज्ञासा भए राख्नको लागि शेयरधनी महानुभावहरुलाइ अनुरोध गरिएकोमा देहाय बमोजिम ११ जना शेयरधनी महानुभावहरुले राय, सुझाव सहित आफ्नो मन्तव्य राख्नुभएको थियो ।

१) **श्री डम्वरु बल्लभ घिमिरेः**

दशौं बार्षिक साधारण सभाको उपलक्ष्यमा संस्थाको सम्पूर्ण परिवारलाई बधाई तथा शुभकामना प्रकट गर्नुहुदै प्रतिकुल परिस्थितिमा पनि संस्थाले आफ्ना शेयरधनीहरुलाई १५ प्रतिशत लाभांश वितरण गर्न सफल भएकोमा यसको लागि संस्थालाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै, सभा तोकिएको समयमा नै सुरु हुनुपर्नेमा अलि ढिला गरी सुरु हुन गएकोले आगामि दिनमा त्यस तर्फ विचार गर्न अनुरोध गर्दै संस्थापक समूहका सञ्चालकहरुको निर्वाचन गर्नु भन्दा आपसि सहमति गरी निर्विरोध निर्वाचित हुने बाताबरण मिलाउन सके बजारमा राम्रो सन्देश जाने भएकोले सम्बद्ध सम्पूर्णमा त्यस तर्फ विचार गर्न अनुरोध गर्नु भयो ।

२) **श्री उत्तम पाठक:**

दशौं बार्षिक साधारण सभाको सफलताको शुभकामना ब्यक्त गर्दै, निर्धारीत समय भन्दा सभा केहि ढिला सुरु भएकोमा त्यसलाई सुधार गर्दै आँउदा दिनमा कार्यक्रम निर्धारीत समयमा नै सञ्चालन हुने बातावरण मिलाउन अनुरोध गर्नुभयो । हाल लघुवित्त संस्थाहरुलाई सामन्त जस्तो ठानेर बिभिन्न पक्षबाट अप्ठेरो पारिएको अवस्था छ । कर्मचारीहरु माथि भइरहेको हातपात लगायतका भौतिक आक्रमण रोकिनु पर्छ । बिना धितो चाहिएको बखत सहज तरिकाले कर्जा दिने, रोजगारी सृजना गर्ने, ग्रामिण विकासलाई टेवा पूऱ्याउने कार्यमा लघुवित्त संस्थाहरुको योगदान रहेको बताउनु भयो ।

३) **श्री इन्द्र कृष्ण श्रेष्ठ:**

संस्थाको वित्तीय बिबरण हेर्दा कर्जा तथा बचतको अबस्था राम्रो रहेको छ यसको लागि संस्थालाई धन्यबाद ज्ञापन गर्दै मर्जर पश्चात संस्थाको शाखा सञ्जाल पनि बृद्धि भएकोमा खुशि लागेको बताउनु भयो । संस्थाले सहज र सरल तरिकाले आफ्ना ग्राहक सदस्यहरुलाइ प्रभावकारी सेवा दिन सकोस भन्दै शुभकामना दिनुभयो । अन्त्यमा, संस्थाको नेत्तृत्वमा जो भएपनी काम गर्न दिउ, प्रभावकारी रुपमा काम गर्न नसकेको खण्डमा आगामि दिनमा संगै बसेर त्यसको मूल्याङ्कन गरौला भन्नुभयो ।

४) **श्री यवलक्ष्मी श्रेष्ठ:**

लघुवित्त क्षेत्र विशेषगरी महिलाको क्षेत्रमा गरेको योगदानको आधारमा मैले जरा देखि हाँगा सम्म काम गरेको अनुभव छ । जवसम्म हामिसंग पैसा हुदैन तवसम्म हामि शसक्त हुन सक्दैनौ त्यसको लागि हामिले आत्म निर्भर हुन जरुरी छ, यसै कुरालाई मध्यनजर गर्दै हामिले लघुबित्तको सूरुवात गरेका थियौं र आज हामि यो अवस्था सम्म आइपुग्यौं । हाल, बजारमा लघुबित्तबाट लगेको कर्जा तिर्न पर्दैन भन्ने प्रकारको गलत संदेश फैलिरहेकोमा आफुलाई चिन्ता लागेको बताउनु भयो । दोहोरोपनालाई घटाउने तर्फ प्रयत्न गर्नुपर्ने कुरामा जोड दिदै, एउटा बित्तीय संस्थाबाट कर्जा ल्याई अर्को संस्थाको किस्ता तिर्ने (कात्रो बेचेर किस्ता) तिर्नपर्ने अवस्थाको अन्त्य गर्नुपर्ने बताउनु भयो ।

५) **श्री इन्द्र प्रसाद लामिछाने :**

दशौं बार्षिक साधारण सभाको उपलक्ष्यमा बधाई तथा शुभकामना प्रकट गर्नुहुदै प्रतिवेदनमा उल्लेखित बित्तीय विवरणहरु हेर्दा खुसी लागेको बताउदै आगामि दिनमा पनि यसलाई निरन्तरता दिन अनुरोध गर्नुभयो । संस्थाले समूह कर्जा र धितो कर्जा वितरण गर्ने गरेको देखिएकोले यसो नगरी कुनै एउटा मात्र कर्जा बितरण गर्न सुझाव दिनुभयो ।

६) **श्री चन्द्र नारायण श्रेष्ठ:**

सर्वप्रथम संस्थाको दशौं बार्षिक साधारण सभाको उपलक्ष्यमा सम्पूर्णमा बधाई तथा शुभकामना प्रकट गर्नुभयो । त्यसैगरी हालको परिस्थितिमा पनि संस्थाले आफ्ना

शेयरधनीहरुलाई ७.५ प्रतिशत बोनश तथा ७.५ प्रतिशत नगद गरी कुल १५ प्रतिशत लाभांश बितरण गर्न सफल भएकोले यसको लागि संस्थालाई धन्यबाद ज्ञापन गर्नुभयो । संस्थामा कार्यरत कर्मचारीहरुलाई नियमानुसारका बिदाहरु लिन हौसला दिउ जसले गर्दा आन्तरिक पर्यटन प्रबर्द्धनमा पनि टेवा पुग्ने र संस्थाले कर्मचारीहरुलाई बिदा बापतको थप रकम पनि भुक्तानि गर्नु नपर्ने भएकोले यसले समग्रमा संस्थालाईनै फाइदा हुने भएकोले त्यसतर्फ पनि विचार गर्न अनुरोध गर्नुभयो ।

७) **श्री कृष्ण प्रसाद अधिकारी:**
सर्वप्रथम गायत्री मन्त्रोच्चारण सहित स्वशती बाचन गर्दै संस्थाको थप प्रगतिको कामना गर्नुभयो । त्यसैगरी बार्षिक प्रतिबेदन समयमै उपलब्ध गराउने ब्यवस्था गर्न अनुरोध गर्दै, संस्थाले उपलब्ध गराएको बित्तीय बिबरणमा बाह्य लेखापरीक्षकद्वारा तयार गरिएको आर्थिक प्रतिबेदनमा प्रयोग गरिएको भाषा अंग्रेजी भएकोले बिस्तृत रुपमा बुझ्न कठिन भएको हुँदा आगामि दिनमा उक्त प्रतिबेदन नेपाली भाषामै तयार गरी प्रशतुत गर्ने ब्यवस्था मिलाउनको लागि ब्यबस्थापनलाई सुझाब गर्नुभयो । साथै, संस्थाको संस्थापक समूहको निर्बाचनको कार्यक्रम रहेकोमा आपसि सहमति कायम गरि निर्बिरोध निर्वाचित हुने बाताबरण तयार गर्न सम्पूर्णमा अनुरोध गर्नुभयो ।

८) **श्री बिमला राई पौडेल :**
सर्वप्रथम दशौं बार्षिक साधारण सभाको उपलक्ष्यमा संस्थालाई बधाई तथा शुभकामना प्रकट गर्नुहुदै बिगत देखि नै लघुवित्त संस्थाहरुमा सुसाशनको विषय उठिरहेकोले त्यसलाइ सुधार गर्नको लागि सम्वद्ध सम्पूर्णमा अनुरोध गर्नुभयो । राज्यका सबै निकायहरुमा महिलाहरुको ३३ प्रतिशत सहभागिता हुने कुरा देशको मुल कानूनमा नै उल्लेख भएको भएपनि त्यसको कार्यान्वयन हुन नसक्नु दुखको कुरा हो । अझै लघुवित्त क्षेत्रमा अधिकाश शेयरधनी महिला, कर्जा लिने महिला, लगानि कर्ता महिला तथा बचत कर्ता महिला भएकोले निर्वाचन प्रकृयामा पनि महिलाको समाबेशी सहभागिता सुनिश्चित हुने गरी संस्थाको नयाँ बन्ने सञ्चालक समितिमा एक तिहाई महिला सहभागि भएको होस भन्ने कामना गर्नु भयो ।

९) **श्री अमर डंगोल:**
दशौं बार्षिक प्रतिबेदन हेर्दा संस्थाको सम्पूर्ण सूचकहरु राम्रो देखिन्छ । अहिलेको असहज परिस्थितिमा पनि संस्थाको खराब कर्जाको दर ५ प्रतिशत भन्दा कम हुनु ज्यादै राम्रो पक्ष हो, यद्यपि खराब कर्जाको दर घटाउदै लगि ३ प्रतिशत सम्म कायम राख्न सुझाब दिनुभयो ।

१०) **श्री उत्सव श्रेष्ठ:**

सर्वप्रथम दशौं बार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दै, सभा हलमा संस्थापक समुहका शेयरधनी र सर्वसाधारण समूहका शेयरधनी बस्ने स्थान छुट्टाएकोमा गुनासो गर्दै आगामि दिनमा सम्पूर्ण शेयरधनी समान रुपमासंगै बस्ने व्यवस्था मिलाउनको लागि अनुरोध गर्नुभयो । त्यसैगरी, संस्थाको शेयर संरचना ७०:३० को अनुपात कायम गरी उक्त शेयर संरचनालाई ५१:४९ अनुपातमा कायम गर्न पनि अनुरोध गर्नुभयो ।

११) **श्री विजया के.सी.**

हाम्रो शासनमा महिला, आसनमा महिला र भाषणमा महिला भएको अनुभुति हुनेगरी राज्यको हरेक तहमा महिलाहरुको सहभागिता ३३ प्रतिशत हुनुपर्ने कानूनी प्रावधान बमोजिमको हाम्रो व्यावहार हुनुपर्‍यो । लघुवित्तको उद्देश्य भनेको बिदेश जाने युवाको संख्यालाई स्वदेशमै केहि गर्न सहयोग गर्नु हो भन्दै अब हुने निर्बाचन प्रकृयामा पनि महिलाको समावेशी सहभागिता सुनिश्चित हुने गरी संस्थाको नयाँ बन्ने सञ्चालक समितिमा एक तिहाइ महिला सहभागि भएको होस भन्ने शुभ कामना व्यक्त गर्नु भयो ।

**१२. वित्तीय संस्थाको तर्फबाट प्रस्तुत भएको जवाफ :-**

छलफलको क्रममा शेयरधनी महानुभावहरूले वित्तीय संस्थाको समग्र क्षेत्रलाई समेटेर प्रस्तुत गर्नुभएको मन्तव्य, जिज्ञासा, अमूल्य सुझाव तथा प्रश्नहरू प्रति सभाका सभाध्यक्ष श्री केशबप्रसाद आचार्यज्यू र वहाँको आज्ञाले सञ्चालक श्री क्षितिज खड्काज्यू, सञ्चालक श्री नरेन्द्र प्रसाद छत्कुलीज्यू तथा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादवले क्रमश: जवाफ दिनुहुँदै सम्पूर्णमा हार्दिक आभार प्रकट गर्नुभयो ।

सभामा शेयरधनी महानुभावहरुले दिनुभएको अमूल्य सुझाव, सल्लाहलाई वित्तीय संस्थाले उच्च सम्मानका साथ प्राथमिकतामा राखी कार्यान्वयन गर्दैजाने प्रतिवद्धता व्यक्त गर्दै सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमश: पारित गरिदिनुहुन सभा अध्यक्षज्यूले अनुरोध गर्नुभयो ।

**प्रस्तावहरु उपर छलफल गर्दै पारित गर्ने काम सम्पन्न गरियो ।**

सभाध्यक्षज्यूको अनुरोध अनुसार क्रमश: प्रस्तावहरुमा सहमती जनाउँदै सम्पूर्ण शेयरधनी महानुभावहरुले ताली बजाई प्रस्तावहरु पारित गर्नु भएको थियो ।

**क) सामान्य प्रस्तावः**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७९/८० को बार्षिक प्रतिबेदन उपर छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२) लेखापरीक्षकको प्रतिबेदन सहितको २०८० आषाढ मसान्त सम्मको बासलात तथा आ.ब. २०७९/८० को नाफा नोक्सान हिसाब, नगद प्रवाह बिवरण सहितको बित्तीय बिवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी सर्व सम्मतिले पारित गर्ने निर्णय गरियो ।

३) यस बित्तीय संस्थाको आ.ब.२०८०/८१ को लेखापरीक्षण कार्य गर्नको लागि लेखापरीक्षक नियुक्ति एवं निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा १११ (३) बमोजिम कम्पनीको लेखापरीक्षण गर्न एउटै लेखापरीक्षक बढीमा तीन पटक सम्म नियुक्त गर्न सकिने प्रावधान अनुसार आ.ब.२०८०/८१ को लेखापरीक्षण कार्य गर्नको लागि संस्थाको आन्तरिक लेखापरीक्षण समितिको सिफारिसका आधारमा हालका लेखापरीक्षक श्री कुबेर एन भट्टराई एण्ड कम्पनी चाटर्ड एकाउन्टेण्टस्लाई Statutory Audit, Tax Audit, Long form Audit, Certification under Section 78 प्रमाणित बापतको मुल्य अभिबृद्धि कर सहितको एकमुष्ट रु.१०,००,०००। (अक्षरेपी: दश लाख मात्र) पारिश्रमिक दिनुको साथै लेखापरीक्षणको क्रममा शाखा कार्यालयहरु तथा केन्द्रीय कार्यालय आँउदा जाँदा लाग्ने यातायात, खाने तथा बस्ने खर्च बास्तविक बिलको आधारमा भुक्तानी गर्ने गरी बाह्य लेखापरीक्षकको रुपमा नियुक्ति गर्ने प्रस्ताव सर्व सम्मतिले पारित गर्ने निर्णय गरियो ।

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुंजी रु.१,०८,४२,०६,२१९।५३ (अक्षरेपी एक अर्ब आठ करोड बयालिस लाख छ हजार दुई सय उन्नाइस पैसा त्रिपन्न मात्र) को ७.५ प्रतिशतले हुन आउने रकम रु.८,१३,१५,४६६।४६ (अक्षरेपी आठ करोड तेह्र लाख पन्ध्र हजार चार सय छैसट्ठी पैसा छ्यालिस मात्र) कर प्रयोजन सहित नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्व सम्मतिले पारित गर्ने निर्णय गरियो ।

५) संस्थाको संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ४ जना तथा सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन सम्बन्धी प्रस्तावका सम्बन्धमा अन्य प्रस्तावहरु पारित गरे पश्चात निर्वाचन अधिकृतले घोषणा गर्ने निर्णय गरीयो ।

६) संस्थाको संचालक समितिबाट भएको स्वतन्त्र सञ्चालकको नियुक्तिलाई अनुमोदन गर्ने प्रस्ताव सर्व सम्मतिले पारित गर्ने निर्णय गरियो ।

(ख) विशेष प्रस्ताव

१) आ.व.२०७९/८० को मुनाफाबाट हाल कायम चुक्ता पुंजी रु.१,०८,४२,०६,२१९।५३ (अक्षरेपी एक अर्ब आठ करोड बयालिस लाख छ हजार दुई सय उन्नाइस पैसा त्रिपन्न मात्र) को ७.५ प्रतिशतले हुन आउने रकम रु.८,१३,१५,४६६।४६ (अक्षरेपी आठ करोड तेह्र लाख पन्ध्र हजार चार सय छैसट्ठी पैसा छ्यालिस मात्र) बराबर अर्थात १००:७.५ अनुपातको बोनस शेयर जारी गरी संस्थाको चुक्ता पुंजी रु.१,१६,५५,२१,६८५।९९ (अक्षरेपी एक अर्ब सोह्र करोड पचपन्न लाख एक्काइस हजार छ सय पचासी पैसा उनान्सय मात्र) पुऱ्याउने विशेष प्रस्तावलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२) संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमति प्रदेश काठमाडौं जिल्ला बुढानिलकण्ठ नगर पालिका वडा नं.८ मा स्थानान्तरण गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

३) संस्थाको संस्थापक र सर्वसाधारणको शेयर पुंजीको अनुपात ७० प्रतिशत र ३० प्रतिशत कायम गर्न आर्थिक वर्ष २०७९/८० को बोनस शेयर वितरण पश्चात् कायम हुने संस्थापक र सर्वसाधारणको शेयर पुंजीको अनुपात मिलान गर्दा नपुग भएको सर्वसाधारण तर्फको जम्मा रु.६,६९,९०,०२६।८० अर्थात ६,६९,९००.२७ कित्ता साधारण शेयर प्रिमियममा सम्बन्धित निकायबाट स्वीकृति लिई थप सार्वजनिक निष्काशन (Further Public Offering) को माध्यमबाट शेयर जारी गर्ने र उक्त कार्यको लागि नियमनकारी निकायको निर्देशन बमोजिम संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन लगायत अन्य सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

४) प्रवन्धपत्रको दफा २ (१) दफा ६ (ख) र दफा ६ (ग) तथा नियमावलीको नियम २ संशोधन गर्ने साथै प्रबन्धपत्र तथा नियमावलीको सम्बन्धित दफा तथा नियमहरुमा देहाय बमोजिम शंसोधन गर्ने प्रस्तावका सम्बन्धमा आवश्यक थपघट, परिमार्जन एवम् संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

(ग) विविध ।

विविध प्रस्ताव अन्तर्गत छलफलका लागि कुनै पनि प्रस्ताव नभएको व्यहोरा अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो ।

तत्पश्चात अध्यक्षज्यूले सामान्य प्रस्ताव अन्तर्गतको प्रस्ताव नं. ५ को सम्बन्धमा सञ्चालक समितिबाट नियुक्त निर्वाचन अधिकृत अधिवक्ता श्री दिपक श्रेष्ठलाई निर्वाचनका सम्बन्धमा स्पष्ट पार्न र निर्वाचनको कार्यक्रमको बारेमा जानकारी गराउन अनुरोध गर्नु भयो ।

**निर्वाचन अधिकृत अधिवक्ता श्री दिपक श्रेष्ठबाट**

(क) सामान्य प्रस्ताव अन्तर्गतको प्रस्ताव नं.५

(५) संस्थाको संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ४ जना तथा सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन सम्बन्धमा :

संस्थाको सर्व साधारण समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद २ (दुई) मा जम्मा तीन जना (श्री जगन्नाथ चालिसे, श्री नरेन्द्र प्रसाद छत्कुली र श्री राम कुमार तिमिल्सिना) को उमेदवारी परेकोमा श्री जगन्नाथ चालिसेले आफ्नो उमेदवारी फिर्ता लिएको निवेदन पेश गर्नु भएकोले बाँकी रहेका सर्व साधारण समूहका उमेदरवारहरु श्री नरेन्द्र प्रसाद छत्कुली र श्री राम कुमार तिमिल्सिना निर्विरोध निर्वाचित भएको व्यहोरा सहितको सूचना टाँस गरि सकेको व्यहोरा सभालाई जानकारी गराउनु हुँदा सभाले उक्त व्यहोरा जानकारीमा लिंदै निर्वाचित सञ्चालकहरुलाई बधाई ज्ञापन गर्दै निजहरुको सफल कार्यकालको कामना गर्ने निर्णय गरियो ।

संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद ४ (चार) मा ७ जना (श्री प्रकाश भुसाल, श्री प्रदित कुमार रेग्मी, श्री केशब प्रसाद आचार्य, श्री रबिन सिजापति (प्रतिनिधि नेपाल ईन्भेष्टमेन्ट मेघा बैंक), श्री क्षितिज खड्का (प्रतिनिधि कुमारी बैंक लि.), श्री यब लक्ष्मि श्रेष्ठ र श्री गंगा प्रसाद उप्रेति) को उमेदवारी परेकोमा श्री गंगा प्रसाद उप्रेतिले आफ्नो उमेदवारी फिर्ता लिनु भएकोले बाँकी रहेका ६ (छ) जनाको उमेदबारी कायम रहेको र यो साधारण सभा समाप्त भए पछि निर्वाचनको प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउनु भयो । सभाले सो व्यहोरालाई जानकारीमा लिईयो ।

अपरान्ह करिब ३:०० बजे संस्थापक समूहको पद संख्या ४ को लागि निर्वाचन प्रकृया शुरु गरियो र मतदान गर्ने क्रमको पछिल्लो चरणमा केही संस्थापकहरुले निर्वाचनको शिलशिलामा आफु स्वयम् उपस्थित हुने संस्थापक एवं प्रतिनिधि नियुक्त शेयरधनी दुवैले भोट खसाल्न नपाएको अवस्थामा अन्य व्यक्तिले मतदान गरेको भन्ने जस्ता उजुरी उपर निर्वाचन अधिकृतले छानविन गर्दा अधिकाँश व्यहोरा सही सत्य तथ्य रहेकोले मतदान प्रकृया रद्द गर्न निर्वाचन अधिकृतबाट सञ्चालक समिति समक्ष सिफारिस गएिकोले निर्वाचन अधिकृतको सिफारिसको आधारमा सञ्चालक समितिले तत्काल बैठक बसी संस्थापक समूह पद ४ को निर्वाचन प्रकृया रद्द गर्ने निर्णय गरियो ।

| विशेष प्रस्तावसंग सम्बन्धित प्रबन्धपत्रमा संशोधन गर्न प्रस्तावित दफाको विवरण | | | |
|---|---|---|---|
| प्रबन्धपत्रको सम्बन्धित दफा | हालको व्यवस्था | प्रस्तावित संशोधनको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
| दफा २ (१) | यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. १० मा रहने छ । | यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश काठमाडौं जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं.८ मा रहने छ । | एकीकृत निर्देशन नं.१७/२०७९ को ४ (ङ) (८) मा भएको व्यवस्था अनुरुपका मापदण्डहरु पुरा भइसकेकोले संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं उपत्यका भित्र स्थानान्तरण गर्न मनासिब देखिएको । |
| दफा ६ (ख) | वित्तीय संस्थाको जारी पुंजी रु.१,१४,६५,२२,५२३।५३ (अक्षरेपी एक अर्ब चौध करोड पैसट्ठी लाख बाइस हजार पाँच सय तेइस पैसा त्रिपन्न मात्र) हुनेछ । सो पुंजीलाइ प्रतिशेयर रु.१०० दरका १,१४,६५,२२५.२३ (एक करोड चौध लाख पैसट्ठी हजार दुइसय पच्चीस दशमलव दशमलव दुइ तीन) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको जारी पुंजी रु.१,२३,२५,११,७१२।८० (अक्षरेपी एक अर्ब तेईस करोड पच्चीस लाख एघार हजार सात सय बाह्र पैसा आठ शुन्य मात्र) हुनेछ । सो पुंजीलाइ प्रतिशेयर रु.१०० दरका १,२३,२५,११७.१२८ ( एक करोड तेइस लाख पच्चीस हजार एक सय सत्र दशमलव एक दुई आठ ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को परिच्छेद ३ को दफा ९ मा भएको व्यवस्था बमोजिम सर्वसाधारणलाई शेयर जारी गरी चुक्ता पुंजीको ३० प्रतिशत सर्वसाधारण शेयर कायम गर्नुपर्ने भएकोले । |
| दफा ६ (ग) | वित्तीय संस्थाको चुक्ता पूंजी रु..१,०८,४२,०६,२१९।५३ (अक्षरेपी: एक अर्ब आठ करोड बयालीस लाख छ हजार दुईसय उन्नाइस पैसा त्रिपन्न मात्र) हुनेछ । | वित्तीय संस्थाको चुक्ता पुंजी रु.१,१६,५५,२१,६८५।९९ (अक्षरेपी एक अर्ब सोह्र करोड पचपन्न लाख एक्काइस हजार छ सय पचासी पैसा उनान्सय मात्र) हुनेछ । | हालको चुक्ता पुंजीमा **७.५** प्रतिशतको दरले बोनस शेयर बितरण गर्दा पुंजी संरचनामा परिबर्तत हुने भएकोले सोहि बमोजिम चुक्ता पुंजी बृद्धि गर्न आवश्यक भएको । |

## नियमावलीमा संशोधनको प्रस्ताव

| विशेष प्रस्तावसंग सम्बन्धित नियमावलीमा संशोधन गर्ने प्रस्तावित दफाको विवरण | | | |
|---|---|---|---|
| नियमावलीको सम्बन्धित नियम | हालको व्यवस्था | प्रस्तावित संशोधन व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
| २ | यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका वडा नं. १० मा रहने छ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिइ आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोलि कारोवार गर्न सकिने छ । | यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बागमती प्रदेश काठमाडौ जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं.८ मा रहने छ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिइ आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोलि कारोवार गर्न सकिने छ । | एकीकृत निर्देशन नं.१७/२०७९ को ४ (ड) (८) मा भएको व्यवस्था अनुरुपका मापदण्डहरु पुरा भइसकेकोले संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौ उपत्यका भित्र स्थानान्तरण गर्न मनासिब देखिएको । |

**१३. धन्यवाद ज्ञापन तथा सभाको विसर्जन :-**

अन्त्यमा सभाध्यक्ष श्री केशवप्रसाद आचार्यज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । त्यसैगरी यस दशौं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितो बोर्ड, नेपाल स्टक एक्सचेन्ज, लेखापरीक्षक, संस्थाका सञ्चालकहरू र कर्मचारीहरुबाट प्राप्त सहयोगको लागि धन्यबाद तथा आभार व्यक्त गर्नुभयो ।

तत्पश्चात् सभाध्यक्षज्यूले दिउसो २:२० बजे सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

............................
तारा प्रसाद ढुंगाना
कम्पनी सचिव
मिति २०८०/१२/१६

............................
केशवप्रसाद आचार्य
सभाध्यक्ष
मिति २०८०/१२/१६